**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- सांस्कृतिक वैभवको प्रतीक मानिने गणेशोत्सव आज बाट  महाराष्ट्रमा सुरु भएको छ।

- प्रधानमंत्री नरेन्द्र **31 अगस्त** अनि पहिलो **सितम्बर** शंघाई सहयोग परिषद-एससीओका राष्ट्राध्यक्षहरुको 25 औ बैठकका लागि चीनको तियानजिन जानु हुनेछ।

- रक्षा मंत्री राजनाथ सिंहले हिज विशाखापट्टणममा भारतीय नौसेनाको दुइ उन्नत युद्धपोतहरु, आईएनएस उदयगिरि र आईएनएस हिमगिरिको जलावतरण गर्नुभयो।

- राष्ट्रीय स्वयं सेवक संघ प्रमुख मोहन भागवतले भन्नुभयो, संगठन भित्र चर्चाको धारणाको साटो तथ्यहरुमा ध्यान केंद्रित हुनु पर्छ।

- उत्तरी रेलवेले जम्मू क्षेत्रमा भारी वर्षाका कारण कटरा, उधमपुर र जम्मू रेलवे स्टेशनबाट १८ वटा रेलहरू रद्द गरेको छ।

**महाराष्ट्र- गणेशोत्सव सुरु**

सांस्कृतिक वैभवको प्रतीक मानिने गणेशोत्सव आज बाट  महाराष्ट्रमा सुरु भएको छ। भगवान गणेशको आगमन ठूलो उत्साह, शोभा यात्रा र परम्परागत ढोल-नगाड़ाहरुका साथ मनाइँदैछ। यो पर्व आगामी एघार दिन अनन्त चतुर्दशीसम्म जारी रहनेछ र ठूलो संख्यामा मानिसहरू खुशी र उत्साहका साथ यसमा सहभागी भइरहेका छन् ।

कट- माधव जयभाये

**विदेश मंत्रालय-चीन**

प्रधानमंत्री नरेन्द्र मोदी चीनका राष्ट्रपति षी जिनपिंगको निमंत्रणमा **31 अगस्त** अनि पहिलो **सितम्बर** शंघाई सहयोग परिषद-एससीओका राष्ट्राध्यक्षहरुको 25 औ बैठकका लागि चीनको तियानजिन जानु हुनेछ।विदेश मंत्रालयमा पश्चिमी देशहरुको ममिला सचिव तन्मय लालले हिज प्रधानमंत्री नरेन्द्र मोदीको आगामी चीन यात्रा बारे मीडियालाई जानकारी गराउनु भयो। उहाँले भन्नुभयो एससीओ को स्थापना आतंकवादलाई समाप्त गर्नका लागि गरिएको हो।

**विशाखापट्टणम - राजनाथ सिंह**

रक्षा मंत्री राजनाथ सिंहले हिज विशाखापट्टणममा भारतीय नौसेनाको दुइ उन्नत युद्धपोतहरु, आईएनएस उदयगिरि र आईएनएस हिमगिरिको जलावतरण गर्नुभयो। यस अवसरमा रक्षा मंत्रीले भन्नुभयो, भारत सरकारको 'मेक इन इंडिया' र 'आत्मनिर्भर भारत' पहलको सफलतालाई दर्शाउदछ। पहिलो चोटी भारतको दुइ प्रतिष्ठित शिपयार्डहरुबाट दुइ प्रमुख लड़ाकू जहाजहरु एक साथ जलावतरण गरिएको हो। यसले भारतको बढ़दो नौसैनिक आधुनिकीकरण र उन्नत युद्धपोत बनाउने क्षमतालाई दर्शाउदछ।

**आरएसएस-व्याख्यान श्रृंखला**

राष्ट्रीय स्वयं सेवक संघ प्रमुख मोहन भागवतले भन्नुभयो, संगठन भित्र चर्चाको धारणाको साटो तथ्यहरुमा ध्यान केंद्रित हुनु पर्छ। संघको 100 वर्षको यात्रामा न्यू होराइजन्स विषयको तीन दिवसीय व्याख्यान श्रृंखलाको उद्घाटन सत्रलाई संबोधित गर्नेक्रममा उहाँले यी कुरा बताउनु भएको हो। संघ प्रमुखले भन्नुभयो, राष्ट्रलाई एकपल्ट फेरी महान बनाउने एकमात्र उपाय समाजको गुणात्मक विकास अनि देश प्रगतिमा पूर्ण समाजको भागीदारी हो। श्री भागवतले भन्नुभयो संघको संस्कृति सद्भावपूर्ण तरिकाले साथ रहने हो। उहाँले संघ प्रति स्वयंसेवकहरुको कार्य अनि समर्पणको पनि सराहना गर्नुभयो।

**जम्मू कश्मीर – वर्षा**

जम्मू कश्मीरको जम्मू डिभिजनमा विगत २४ घण्टादेखि भइरहेको वर्षाले बाढीको आपतकाल स्थिति सिर्जना गरेको छ। कम्तिमा १० जनाको मृत्यु भएको छ। माता वैष्णोदेवी मन्दिरको तीर्थयात्रा स्थगित गरिएको छ। भारी वर्षाका कारण माता वैष्णोदेवीको त्रिकुटा पहाडमा पहिरो जाँदा ६ जनाको मृत्यु भएको छ भने १८ जना घाइते भएका छन्। हिमकोटी सडक पनि बन्द गरिएको छ।डोडा जिल्लामा पनि चार जनाको मृत्यु भएको छ। जम्मू क्षेत्रका केही क्षेत्रमा विद्युत आपूर्ति र इन्टरनेट सेवा अवरुद्ध भएको बताइएको छ। आज आपतकालीन सेवाहरू बाहेक सबै सरकारी कार्यालयहरू बन्द रहनेछन्। प्रभावित जिल्लाहरूमा उद्धार कार्यमा संलग्न सरकारी अधिकारीहरूको बिदा रद्द गरिएको छ।तावी, चेनाब, नेरु र कलनाई जस्ता प्रमुख नदीहरूको पानीको सतह बढेको छ। मौसम विभागले निरन्तर वर्षाको पूर्वानुमान गरेको छ। यसले थप पानी जम्ने चिन्ता बढाएको छ। अधिकारीहरूले हेल्पलाइन नम्बरहरू जारी गरेका छन् र सबै विभागहरूलाई उच्च सतर्कतामा राखेका छन्। यी नम्बरहरू हुन्: जम्मू- ०१९१-२५७१६१६ र ०१९१-२५२०५४२, साम्बा- ०१९२-३२४१००४, कठुआ- ०१९२-२२३८७९६ र किश्तवार- ९४८४२१७४९२। यी नम्बरहरू सबै आधिकारिक सामाजिक सञ्जाल प्लेटफर्महरूमा उपलब्ध छन्।

**जम्मू कश्मीर - रेलहरू रद्द**

उत्तरी रेलवेले जम्मू क्षेत्रमा भारी वर्षाका कारण कटरा, उधमपुर र जम्मू रेलवे स्टेशनबाट १८ वटा रेलहरू रद्द गरेको छ। केही समयका लागि चार रेलहरू रोकिएका छन्। अधिकारीहरूले बताए कि माता वैष्णोदेवी मन्दिरको आधार शिविर कटराबाट सात, जम्मूबाट एक र उधमपुरबाट दुई रेलहरू रद्द गरिएको छ। कटरा र उधमपुर जाने रेलहरू पनि रद्द गरिएको छ। यद्यपि, कटरा-श्रीनगर खण्डमा रेल आवागमन जारी छ। सोमबार रातिदेखि जम्मू क्षेत्रमा दशकौंको सबैभन्दा ठूलो वर्षा भइरहेको छ। यसले पुलहरूमा क्षति पुर्‍याएको छ, सडक सम्पर्क अवरुद्ध भएको छ र ठूला क्षेत्रहरू डुबानमा परेका छन्। त्यसैले, मानिसहरू सुरक्षित स्थानहरूमा सर्न बाध्य भएका छन्।

**जितेंद्र सिंह- एनएफआईसीआई**

कार्मिक, लोक शिकायत अनि पेंशन राज्य मंत्री डॉ. जितेंद्र सिंहले भन्नुभयो सूचनाको अधिकार-आरटीआई र सूचना आयोग शासनलाई अधिक पारदर्शिता र जवाबदेही तर्फ पुनर्निर्देशित गर्नमा महत्वपूर्ण भूमिका निभाउने छ। श्री सिंहले नयाँ दिल्लीमा भारत राष्ट्रीय सूचना आयोग संघको 15 औ वार्षिक आम सभाको उद्घाटन सत्रलाई संबोधित गर्नुहुँदै यस आशयको जानकारी दिनुभयो। विभागको सुधारहरुको उल्लेख गर्नुहुँदै श्री सिंहले भन्नुभयो राजपत्रित अधिकारिहरु द्वारा दस्तावेजहरुलाई सत्यापित गर्ने जस्ता प्रथा सहित एक हजार छ सयभन्दा अधिक अप्रचलित नियमहरुलाई समाप्त गरिएको छ।

**CBIC-GST**

केन्द्रीय अप्रत्यक्ष कर तथा भन्सार बोर्डले मानिसहरूलाई वस्तु तथा सेवा करको दरहरूको बारेमा अनुमान लगाउनबाट टाढा रहन आग्रह गरेको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै बोर्डले भनेको छ कि यी दरहरूको बारेमा निर्णय GST परिषद्ले लिन्छ, जसमा केन्द्र र राज्यका प्रतिनिधिहरू हुन्छन्। बोर्डले भनेको छ कि पहिले नै अनुमानले अफवाह फैलाउँछ र यसले शेयर बजारमा अस्थिरता निम्त्याउन सक्छ। बोर्डले सेप्टेम्बर ३ र ४ मा GST परिषद्को बैठक पछि आधिकारिक घोषणाको लागि पर्खन मानिसहरूलाई सल्लाह दिएको छ।

**उज्जैन आध्यात्मिक शिखर सम्मेलन**

भाजपा नेतृत्वको मध्य प्रदेश सरकारले आज उज्जैनमा विश्वव्यापी आध्यात्मिक शिखर सम्मेलन आयोजना गर्नेछ। यो कार्यक्रम पर्यटन विभागले केन्द्रीय पर्यटन मन्त्रालयसँगको सहकार्यमा आयोजना गरिरहेको छ र केन्द्रीय पर्यटन तथा संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले उद्घाटन गर्नु हुनेछ । यस अवसरमा मुख्यमन्त्री मोहन यादव पनि उपस्थित रहनु हुनेछ । देश तथा विदेशका आध्यात्मिक नेता, विचारक र बुद्धिजीवीहरू सहित ३०० भन्दा बढी व्यक्तिहरू यसमा सहभागी हुनेछन्। प्रख्यात आध्यात्मिक गुरु गौराङ्ग दासले शिखर सम्मेलनमा मुख्य भाषण दिनु हुनेछ । सरकारले यो कार्यक्रमको उद्देश्य आध्यात्मिक पर्यटनलाई प्रवर्द्धन गर्ने, सांस्कृतिक सम्पदाको संरक्षण गर्ने र जिम्मेवार आतिथ्यमा संवादलाई बढावा दिने बताएको छ। मध्य प्रदेश पर्यटन विभागले यो पहलले पर्यटन उद्योगलाई मात्र नभई भारतको गहिरो आध्यात्मिक सम्पदालाई आधुनिकतासँग जोड्न चाहने सबैलाई पनि फाइदा पुग्ने अपेक्षा गरेको बताएको छ। शिखर सम्मेलनले भारतको समृद्ध सांस्कृतिक सम्पदा र आध्यात्मिक परम्परालाई विश्वमा प्रदर्शन गर्न विश्वव्यापी प्लेटफर्मको रूपमा काम गर्नेछ।

**मणिपुर-कोभिड**

गत २४ घण्टामा मणिपुरमा एक जनामा कोभिड-१९ पोजेटिभ देखिएको छ। हालसम्म कोरोनाका सक्रिय केसहरूको संख्या चार पुगेको छ। स्वास्थ्य सेवा निर्देशनालय, मणिपुरका अनुसार, २४ घण्टामा इम्फाल पश्चिम जिल्लाका तीन जनाशंकास्पद व्यक्तिहरूको नमूनामा कोभिड परीक्षण गरिएको थियो र एक जनामा भाइरसको संक्रमण भेटिएको थियो।

**भारत कुवेत बैठक**

भारत र कुवेत बीचको विदेश कार्यालय परामर्शको सातौं चरण नयाँ दिल्लीमा सम्पन्न भयो। यस क्रममा दुवै पक्षले द्विपक्षीय सम्बन्धको समीक्षा गरे र विभिन्न क्षेत्रमा रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्ने उपायहरूबारे छलफल गरे। विदेश मन्त्रालयका खाडी मामिलाका अतिरिक्त सचिव असीम महाजन र कुवेतका सहायक विदेशमन्त्री समेह इसा जोहर हयातले हिजो यस परामर्श बैठकको सह-अध्यक्षता गर्नु भएको थियो ।विदेश मन्त्रालयले डिसेम्बर २०२४ मा प्रधानमन्त्री नरेन्द्र मोदीको कुवेत भ्रमणको क्रममा दुवै पक्षले दुवै देशको नेतृत्वको मार्गदर्शनमा पारस्परिक सम्बन्धलाई अगाडि बढाउने उद्देश्यले तय गरिएको ढाँचा कार्यान्वयन गर्न मिलेर काम गर्न जारी राख्न सहमत भएको बताएको छ।

**जीवाश्म खोज**

राजस्थानको जैसलमेर जिल्लाको मेघा गाउँमा जुरासिक युगको दुर्लभ गोही जस्तो प्रजातिको जीवाश्म फेला परेको छ। अनुसन्धानकर्ताहरूले फाइटोसोर भनिने जीवाश्म १.५ देखि २ मिटर लामो र सम्भवतः २० करोड वर्षभन्दा पुरानो भएको बताएका छन्। विज्ञहरूले यसलाई भारतको भूगर्भीय इतिहासमा महत्त्वपूर्ण खोज भनेका छन्।